# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रजैया, मकवानपुर

☎ ०५७-४१९३०२
☎ ०५७-४१९३०३
०५७-४१९३०४
०५७-४१९३०५
http://manaharimun.gov.np
Mail: manamarimun@gmail.com

बागमती प्रदेश, नेपाल

प.सं. : २०७७/०७८ (राजश्व शाखा)
च.नं. :

**आ.व.२०७७/०७८ को लागि ढुंगा, गिट्टी, वालुवा, रोडा आदि नदीजन्य पदार्थ विक्री शुल्क र बाताबरण शुल्कको ठेक्का बन्दोबस्ती सम्बन्धी शिलवन्दी वोलपत्र आह्ननको सुचना**

**प्रथम पटक प्रकाशित मिति २०७७/०९/१०**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अन्तरगत उपदफा २ को खण्ड घ (६) मा भएको व्यवस्था बमोजिम यस कार्यालयको क्षेत्र भित्र पर्ने राप्ती,मनहरी तथा बिभिन्न खहरे खोलाको स्वीकृत क्षेत्रहरुवाट गत आ.ब.मा उत्खनन गरि नियमानुसार उपलब्ध गराईएकोमा गत बर्ष अषाढ मशान्त सम्म निकासी नभई मौज्दात रहेको तथा व्यबसायीहरुले यस गा.पा.क्षेत्र भन्दा अन्यत्रबाट आयात गरि कारोबार गर्ने समेत (यस आ.ब.०७७/०७८ भित्र उत्खनन गरिने बाहेक) पालिका क्षेत्र भित्रका(बाताबरण शुल्कको हकमा मनहरी सहीत अन्य पालिका र खानी क्षेत्रबाट निकासी भईजानेमा समेत) नदीजन्य पदार्थमा आधारित उधोगहरु,बिभिन्न सप्लायर्स तथा व्यबसायीहरुबाट पालिका बाहीर निकासी गरिने नदीजन्य, श्रोतहरु (ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, माटो आदि) निकासी हुंदाको बखत लगाईने शुल्क संकलन गर्न बागमती प्रदेश सरकार, आर्थिक ऐन २०७७, को दफा ९ अनुसारका वस्तुमा अनुसुचि ५ मा उल्लेखित प्रति इकाई दररेट अनुसार र मनहरी गांउसभाबाट स्वीकृत आर्थिक ऐन २०७७ को दफा ११ को अनुसुची–११ (खण्ड२.५) बमोजिमको बाताबरण शुल्क चालु आ.ब.का लागि वढावढको माध्यमवाट ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो नागरिकताको प्रतिलिपि, फर्मको हकमा नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७६/०७७ सम्म कर तिरेको वा म्याद थप भएको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र सहित रितपुर्वकको यो ३० दिने शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । विद्युतिय माध्यमवाट https://ppmo.gov.np/egp मा रहेको site प्रयोग गरी वोलपत्र हेर्न वा समावेश हुन सकिने व्यवस्था समेत मिलाईएको व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराईएको छ ।

वोलपत्र फारम दस्तुर रु.१०,०००.०० (फिर्ता नहुने गरी)

| सि. न. | ठेक्का नं. | ठेक्काको किसिम | शुल्क उठाउन पाउने दर (मु.अ.कर वाहेक) | प्रतिवेदन र स्टकको परिमाण घ.मि.) | न्युनतम ठेक्का अङ्क (कर सहीत) |
|---|---|---|---|---|---|
| १. | REV/NCB/MAN-06/077-78 | **ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, रोडा, स्लेट तथा माटो आदिको निकासीमा शुल्क संकलन** (यस पालिका क्षेत्रका उधोगी व्यबसायी लगायत निजी रुपमा निकासी गर्दा समेत) | प्रति घनफिट रु. ९.०० र माटोको हकमा रु.२.५० | ३,७४,८२० | ११,६६,३२,५८९।४७ (अक्षेरुपी एघार करोड छैसठ्ठी लाख बत्तिस हजार पांच सय उनाननब्बे पैसा सतचालिस मात्र) |
| २. | REV/NCB/MAN-06/077-78 | **ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, रोडा, स्लेट तथा माटो आदिको बाताबरण शुल्क संकलन** (यस पालिका क्षेत्रका उधोगी व्यबसायी लगायत निजी रुपमा निकासी गर्दा समेत) | प्रति घनफिट रु. ०.२० | ३,७४,८२० | २६,४४,७२९।९२ (अक्षेरुपी छब्बिस लाख चौवालिस हजार सात सय उननतिस पैसा बयानब्बे मात्र) |
| २.१ | यस पालिका बाहेक अन्यत्रबाट निकासी हुनेमा | **ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, रोडा, स्लेट तथा माटो आदिको बाताबरण शुल्क संकलन**(अन्यत्र पालिकाका उधोगी व्यबसायी लगायत निजी तथा खानी क्षेत्रबाट निकासी गर्दा समेत) | प्रति घनफिट रु. ०.२० | ३,७५,००० | २६,४६,०००।०० (अक्षेरुपी छब्बिस लाख छयालिस हजार मात्र) |

| | |
|---|---|
| **कुल न्युनतम कायम गरिएको ठेक्का अंक** | १२,१९,२३,३२०।०० (अक्षेरुपी बाह्र करोड उन्नाईस लाख तेईस हजार तिन सय बिस मात्र) |

प्रस्तावित ठेक्कामा स्वीकृत प्रारंभिक वातावरणिय परीक्षण (IEE) प्रतिवेदनले तोकेको वा तोकिने क्षेत्र बाट ठेक्का बन्दोबस्ती पश्चात उत्खननबाट थपिन सक्ने परीमाण संलग्न गरिएको छैन । त्यसरी प्रारंभिक वातावरणिय परीक्षण (IEE) प्रतिवेदनले तोकेको क्षेत्रबाट उत्खनन भएमा वा अन्य कारणले पदार्थ थप हुने भएमा अलग्गै ठेक्का कारोबार सञ्चालन गरिनेछ ।

**शर्त तथा बन्देज**

१) नदीजन्य श्रोतको निकासी परिमाणको अनुमान :- यस सुचनामा उल्लेखित परीमाण कार्यालयले आ.ब.को सुरुमा अनुमान गरेको परीमाणबाट यो ठेक्काको सम्झौता/कार्यादेश नहुदाका दिनसम्म अमानतमा कर संकलन गरी यस आर्थिक बर्षको बांकी अवधिकोलागी निकासी हुन सक्ने अनुमानित परीमाण मानिएकोले तोकिएको परिमाण जुनसुकै कारणबाट अषाढ मशान्त सम्ममा कम निकासी भएमा समेत कबुल गरेको ठेक अंक घटी हुने छैन ।

२) यस पालिका क्षेत्र भित्रका व्यबसायी वा अन्य जुनसुकै पालिका,निकाय वा क्षेत्रबाट पालिका बाहीर निकासी भई जांदा प्रदेश कानुन बमोजिमको राजस्व संकलन गर्न पाईनेछ । नदीजन्य पदार्थको निकासीमा भन्दा बाहेक अन्य प्रकारको माल बस्तुमा राजस्व असुली गर्न पाईने छैन ।

३) ठेक्काको मान्य अवधि :- संझौता भएको मिति देखि २०७८ आषाढ मसान्त सम्म कायम रहने छ ।

४) संघीय वा प्रदेश कानुनमा स्पष्ट लेखिएको,मनहरी गांउसभाले स्पष्ट निर्णय गरेको वा अदालतबाट आदेश भएकोमा भन्दा बाहेक अन्य कुनै किसिमबाट ठेक्काको म्याद थप हुने छैन ।

५) ठेक्का सञ्चालनका कारण कुनै कानुनी, सुरक्षा , महामारी वा दैवि प्रकोप सम्वन्धी जटिलता देखिएमा गाउँपालिकाले सो विषय समाधान नभएसम्म ठेक्का सञ्चालन प्रकृया स्थगित गर्न सक्नेछ । गाउँपालिका तथा सरोकारवाला निकायहरुले समयमै सहजिकरण गर्नुपर्नेछ । यसमा सकारकर्ताको समेत दायित्व रहनेछ । आपसी सहमति हुन नसकेमा मध्यस्थता ऐन २०५५ बमोजिम हुने र सो बाट हुने निकासीको प्रभाव सम्वन्धी थप व्यवस्था संझौतामा उल्लेख भए अनुसार हुनेछ ।

६) बोलपत्र फाराम यो सुचना प्रकाशित भएको मितिले ३० (तीस) दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु खरिद म्यादको अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजे सम्म यस कार्यालयमा ठेक्का नं., किसिम, वोलपत्रदाताको नाम ठेगाना, सम्पर्क नं. आदि विवरणहरु खाममा खुलाई शिलवन्दि गरी दर्ता गराईसक्नु पर्नेछ ।

७) विद्युतिय माध्यमवाट समावेश हुनेले सिटिजन्स वैक ईन्टरनेशनल लि. मनहरी शाखामा यस कार्यालयको नाममा रहेको आन्तरीक राजस्व खाता नं. ०६२०१०००००००२२०२ मा बोलपत्र खरिदको लागि तोकिएको दस्तुर दाखिलाको सक्कल भौचर सहितका आवश्यक कागजात समावेश गर्नु पर्नेछ । सोको सक्कल प्रतिहरु वोलपत्र खोलिए लगत्तै कार्यालयमा उपलव्ध गराउनु पर्नेछ ।

८) बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नाममा रहेको सोहि वैकको स्थानिय तह धरौटी खाता नं ०६२०१०००००३३१२०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकले जारी गरेको कम्तीमा १५० दिन म्याद भएको विड बण्ड समेत वोलपत्र साथ अनिवार्य संलग्न हुनु पर्नेछ ।

९) कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको बोलपत्र, तोकिएको म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्रलाई मान्यता दिईने छैन ।

१०) बोलपत्र फाराम खरिद एवम् दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन र सोही समयलाई अन्तिम मानिनेछ ।

११) प्राप्त हुन आएका बोलपत्रहरु दर्ता गर्ने म्याद सकिए लगत्तै सोहि दिन यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरु र वोलपत्रदाताहरुको रोहवरमा खोलिने छ । साथै प्रस्ताव खोल्ने समयमा वोलपत्रदाताको प्रतिनिधि उपस्थिति नभएमा पनि खोल्न कुनै बाधा हुने छैन ।

१२) बोलपत्रदाताहरुले कवोल गरेको रकमको अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१३) ठेक्का सकार गरेपछि कवोल अंकको पहिलो किस्ता रकममा (मु.अ.कर समेत) कार्यालयको खातामा जम्मा गरेपछि संझौता हुनेछ । तर बांकी किस्ता बराबर हुने रकम (मु.अ.कर समेत) कार्यसम्पादन बैंक जमानत संलग्न नराखि सम्झौता हुनेछैन ।

१४) ठेकेदारले शुल्क संकलन गर्दा प्रदेश आर्थिक ऐनमा उल्लेखित दररेटमा मु.अ.कर रकम थप गरी कर संकलन गर्नुपर्नेछ । (बाताबरण शुल्कको हकमा मु.अ.कर बाहेक संकलन गर्नुपर्ने छ) संकलित मु.अ.कर को रकम कार्यालयमा वा सम्वन्धित राजश्व कार्यालयमा नियमानुसार वुझाउन सकिनेछ । राजश्व कार्यालयमा वुझाएमा सो को निस्सा कार्यालयमा पेश गर्नु पर्नेछ ।

१५) बोलपत्र स्वीकृति भएको जानकारी पाएको १५(पन्ध्र) दिन भित्र पहिलो किस्ता वापत वोलपत्रदाताले कवोल अंकको न्यूनतम ४०%(मु.अ.कर सहीतको) नगद कार्यालयले तोकिदिएको खातामा जम्मा गरेको सक्कल भौचर तथा वोलपत्रमा उल्लेख भए अनुसारको वाँकि ६०%(मु.अ.कर सहीत)रकम किस्ता वमोजिम जेष्ठ मसान्त भित्र दाखिला गर्नु पर्नेछ । किस्ताको हकमा संझौताका वखत नेपाल सरकारवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकवाट यस कार्यालयको नाममा

कम्तीमा २०७८ भाद्र मसान्त सम्म म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी (Performance Bond) सहित संझौता गर्न आउनु पर्नेछ ।

१६) यस सुचनामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका क्षेत्रभित्र उपभोक्ताद्धारा संचालन हुने सार्बजनिक निर्माणमा प्रयोग गर्न बिक्री भएको सामग्रीमा शुल्क लगाउन पाईने छैन । ठेक्का पट्टाबाट संचालन हुने निर्माण कार्य र नाफामुलक व्यबसाय गर्ने प्रयोजनकालागी बन्ने निजि औधोगिक संरचना निर्माणकालागी बिक्री हुंदा कर संकलन गर्न बाधा पुग्ने छैन । पालिका बाहेकका निकायबाट लगाईएको ठेक्का बन्दोबस्तीमा राष्ट्रिय निकुन्जको अनुमतीले तोकिएको बगर क्षेत्रबाट संकलन गरिएको ग्राभेल,ढुङगा बालुवा आदीमा सकारकर्ताले शुल्क संकलन गर्न पाउने छैन तर त्यस्तो निर्माणमा नदीजन्य पदार्थमा आधारित उधोगबाट बिक्रि निकासी गर्दाको पदार्थमा शुल्क संकलन गर्न सकिनेछ ।

१७) प्रचलित कानुन तथा यो सुचनामा उल्लेख भएको बस्तु बाहेकका अन्य मालसामानमा कर लिन पाईने छैन । ठेक्का संचालन तथा सो विषयमा कुनै विवाद वा झमेला भएमा सोको समाधानमा गाउँपालिकाले सकारकर्तालाई आवश्यक सहयोग गर्नेछ । तर कर संकलन गर्ने सम्पुर्ण दायित्व ठेकेदारको हुनेछ ।

१८) कर संकलन गर्ने मुख्य राजमार्ग क्षेत्र भित्रको नाका वा स्थान गांउपालिकाले तोके बमोजिम हुनेछ,तर कुनै किसिमको ढांट वा छेकबार राख्न पाईने छैन । यस ठेक्का बमोजिमको शुल्क तोकिएको संकलन केन्द्रमा अस्थायी सेड बनाई कर संकलनको व्यबस्थापन गर्नु पर्नेछ । संकलन केन्द्रमा कार्यालयले तोकेको साईजमा होडिङ्ग बोर्ड बनाई किसिम र दररेट समेत स्पष्टरुपमा खुलाई सम्वन्धित सवैले देख्नेगरी राख्नुपर्नेछ ।

१९) ठेक्का सञ्चालन गर्दा प्रयोग हुने रसिद कार्यालयले तोकिदिएको ढाँचामा सकारकर्ताले छपाई गरि कार्यालयमा रसिदको लगत राखी कर उठाउने कार्यमा प्रयोग गर्नु पर्नेछ । निकासी शुल्क संकलन सम्वन्धी कारोवारहरुको विवरण (फाँटवारी) कार्यालयले तोकिदिएको ढाँचामा मासिक रुपमा पेश गर्नुपर्नेछ । यस सम्वन्धी थप व्यवस्था संझौतामा उल्लेख भए अनुसार हुनेछ ।

२०) नदीजन्य पदार्थ भण्डारण, निकासी तथा विक्री गर्दा गराउदा स्वीकृत IEE प्रतिवेदनका प्रावधान, संघीय तथा प्रदेश सरकारवाट जारी गरीएका नियमन सम्वन्धी कानुन, प्रतिवेदन, निर्देशन तथा अनुगमन गर्ने भनि तोकिएका निकायहरुको निर्णय र प्रचलित कानुनी व्यवस्थाहरुलाई पालना गर्नु गराउनु सकारकर्ताको कर्तव्य हुनेछ ।

२१) सम्मानित अदालतको फैसला सहीतको आदेश, नेपाल सरकारको निर्णय वा काबु वाहिरको परिस्थिति परि गाउँसभाले गरेको निर्णय वेगर यस सूचना वमोजिम संझौता भई ठेक्का कार्यादेश दिएपछि कुनै किसिमको मिनाहा, छुट वा सहुलियत प्रदान हुनेछैन ।

२२) बोलपत्रको वोल कवोल रकम (मु.अ.कर समेत) एकमुष्ठ नगद वुझाएमामात्र ठेक अंकको वढिमा ५(पाँच) प्रतिशत सम्म छुट दिन सकिनेछ । यसका लागि नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकवाट यस कार्यालयको नाममा कम्तीमा २०७८ भाद्र मसान्त सम्म म्याद भएको कवोल रकमको ५% ले हुने रकमको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी धरौटि वापत राख्नु पर्नेछ । यसरी एकमुष्ठ रकम (मु.अ.कर समेत) बुझाउने भएमा छुट पाउने रकम बाहेकमा कार्य सम्पादन जमानत बापत धरौटी राख्न पर्ने छैन ।

२३) कुनै कारण जनाई वा नजनाई यो बोलपत्र स्वीकृत, अस्वीकृत वा रद्ध गर्ने अधिकार मनहरी गाउँपालिकामा सुरक्षित रहनेछ । यस सुचनाका प्राबधान तथा सम्झौताका प्राबधान र ठेक्का व्यबस्थापनबारे कुनै द्धिबिधा उत्पन्न भएमा व्याख्या गर्ने अधिकार मनहरी गांउपालिकालाई हुनेछ ।

२४) यस सुचनामा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि कार्यालयद्धारा उत्खनन् सम्वन्धी ठेक्का लगाईएमा त्यस पश्चात थप हुने परिमाणको राजस्व संकलनको व्यबस्था सोही ठेक्कामा उल्लेख हुनेछ । यो ठेक्कामा नयां उत्खनन बाट थपिएको परिमाणको कुनै किसिमको सरोकार रहने छैन ।

२५) यस सुचनामा उल्लेख भएको कुराहरु यसै अनुसार र नभएको कुराको हकमा संझौता तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

२६) अन्य थप केहि कुरा बुझ्न परेमा कार्यालय समयमा मनहरी गाउँपालिकाको कार्यालय रजैयाको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

देबराज चौंलागाई
प्रमुख प्रशासकीय अधिकृत